जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक २७ २०८३ साल भदौ २ गते मंगलबार (18 Aug 2026 Tuesday) मूल्य रु. ५/-

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : पर्यटन उद्योग विकासको... ३ पृष्ठमा : कोशीटप्पुको निगुरो काठमाडौंको ... ३ पृष्ठमाइन्डोनेसियामा भूकम्प...

# जसपा र लोसपा नेपालबीच भएको एकिकरणपछी बनेको साँगठनिक संरचनामा सप्तरीबाट एक उपाध्यक्ष र दुई सचिवसहित ३१ जना चुनिए

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौ ।**

तत्कालिन जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रीत समाजवादी पार्टी (लोसपा) नेपाल बीच भएको एकिकरण पछि पार्टीको नयाँ तथा एकिकृत साँगठनिक संरचनाको घोषित २ सय ७९ सदस्य कार्य समितीमा सप्तरीबाट ३१ जना परेका छन ।

एकिकृत पार्टीको नयाँ संरचनामा अध्यक्ष उपेन्द्र यादव तथा संरक्षकमा महन्थ ठाकुरलाई राखिएको छ ।

केन्द्रीय समितीमा पर्नेहरुमा पूर्वमन्त्री र वर्तमान प्रदेश सांसददेखी पालिका अध्यक्षसम्म छन । पार्टीद्वारा सार्वजनिक सूची अनुसार केन्द्रीय कार्यसमितिको उपाध्यक्षमा संघिय सरकारका पुर्वमन्त्री रेणु कुमारी यादव सचिवमा, संघिय सरकारका पूर्वमन्त्री उमेश यादव र मधेश प्रदेशका पूर्वमन्त्री शैलेन्द्र प्रसाद साह चयन भएका छन ।

कार्यकारणी समिति सदस्यमा मधेश प्रदेशका पूर्वमन्त्री एवं प्रदेश सांसद मनिष कुमार सुमन, अनिरुद्ध प्रसाद सिंह यादव, प्राध्यापक अमरकान्त झा तथा पुष्पा ठाकुर गरी ४ जना सप्तरीबाट परेका छन ।

केन्द्रीय सदस्यमा प्रदेश साँसद किरण कुमारी साह, मधेश प्रदेशका पूर्वउपसभामुख उपमा कुमारी देव, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, रुपनी गाउँपालिकाका उपाध्यक्ष पुष्पा लौगी, पूर्व प्रदेश साँसद विदेश्वर प्रसाद यादव विकी छानिएका छन ।

यस्तै अरविन्द दास, अमरनाथ मण्डल, शम्भु झा, साधना झा, शैलेन्द्र मोहन झा, श्याम सरदार, विनोद कुमार सिह, भिमराज यादव, विजय राय, भरत प्रसाद मेहता, रमेश कुमार यादव, मनिष यादव, मालती सदा, भुवनेश्वर चौधरी, कुमरनाथ मिश्र, निर्मल कुमारी मण्डल, गीता देवी यादव, पुनम कुमारी यादव र डा.ववि सिंह यादव पनि केन्द्रीय सदस्यमा चुनिएकी छिन ।

नयाँ सांगठनिक संरचनामा सप्तरीका केही पुराना पदाधिकारीले भने स्थान पाउन सकेका छैनन् । जसपा नेपालका प्रभावशाली नेता, पूर्व मन्त्री एवं पूर्व राष्ट्रिय सभा सदस्य तथा उपाध्यक्ष पदको जिम्मेवारी समेत सम्हाली सकेका मृगेन्द्र कुमार सिहं यादव यस पल्ट नयाँ कार्य समितीमा अटाएका छैनन ।

यस्तै महिला नेतृ एव जसपा नेपालका केन्द्रीय सदस्य रमिला साह, पूर्व प्रदेश साँसद एवं जसपा नेपालका केन्द्रीय सदस्य नेत्र विक्रम साह लगायत एक दर्जन बढी नेता पनि यस पल्टको एकिकृत नयाँ केन्द्रीय समितीमा अटाउन सकेका छैनन ।

महिला नेतृ साहले कार्यकर्ताको उचित मुल्याँकन हुनु पर्नेमा जोड दिइन । उनले समायोजन हुनु राम्रो कुरा भएपनि कार्यकर्ताको उचित मूल्याङ्कन हुनु त्यति कै जरुरी रहेको बताईन ।

यस्तै लोसपा नेपालका केन्द्रीय समितीमा रहेका पुराना नेता एवं जिल्ला अध्यक्ष सुनिल झा पनि नयाँ कार्य समितीबाट बाहिरीएका छन । जस कारण दुबै पार्टीका केही नेता/कार्यकर्ता असन्तुष्ट देखिएका छन । नयाँ केन्द्रीय समितीमा जिल्लाबाट मुस्लिम समुदायका एक जना पनि नपरेपछि उनीहरु पनि असन्तुष्ट भएका छन ।

मुस्लिम अगुवा मो.नौसादले भने-"३१ जनाको चयन हुदा पनि मुस्लिम समुदायबाट एक जना पनि न पर्नु विभेद र उपेक्षाको नमुना हो ।" उनले मुस्लिम समुदाय संग मत लिने तर अवसर दिने वेला यसरी नै विभेद गरीरहने हो भने आगमी निर्वाचनमा सो पार्टीको अवस्था दयनिय हुने बताए ।

# पाँच बुँदे निष्कर्षसहित कांग्रेस संस्थापन इतरपक्षको सम्मेलन सम्पन्न

ललितपुर, १ भदौ (रासस) ।

पाँच बुँदे निष्कर्षसहित कांग्रेस संस्थापन इतरपक्षले आयोजना गरेको तीनदिने राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।

नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाको संयोजकत्वमा यही साउन २९ गतेदेखि काठमाडौँमा आयोजित तीनदिने सम्मेलनको समापनका अवसरमा आइतबार सार्वजनिक गरिएको निष्कर्षअनुसार पहिलो बुँदामा १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णय र आयोजनामा १५औं महाधिवेशन सम्पन्न गरिने निर्णय उल्लेख छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# पूर्वसूचनादेखि उद्धार गर्न सम्म सक्षम बने 'हरिनारायण'

**विकेएलके**
**राजविराज, १ भदौ ।**

गर्मी, बाढी, आगलागी, चट्याङ र शीतलहर जस्ता मौसमी विपद्बाट कसरी जोगिने भन्नेबारे तिलाठी कोइलाडी गाउँपालिका ७ मंसापुरका ५८ वर्षीय हरिनारायण खंगलाई केही समय अघिसम्म धेरै जानकारी थिएन ।

विपद् आएपछि त्यसको सामना गर्ने बाहेक पूर्वतयारी र पूर्वसूचनाको महत्वबारे पनि उनी अनभिज्ञ थिए । तर, अहिले हरिनारायणको बुझाइ र आत्मविश्वास फेरिएको छ । बाढी आउनु अघि प्राप्त हुने पूर्वसूचना, जोखिम न्यूनीकरण, सूचना प्रवाह, उद्धार तथा प्राथमिक उपचार जस्ता विषयमा उनी जानकार मात्र छैनन्, आवश्यक परेको बेला व्यवहारमा उतार्न सक्ने अवस्थामा पुगेका छन् ।

मर्सीकोर्प्स नेपाल र कोका-कोला फाउन्डेसनको सहयोग तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा आसमान नेपालले सञ्चालन गरेको 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत उनले विपद् व्यवस्थापन सम्बन्धी तालिम लिए ।

तालिमपछि आफ्नो अनुभव सुनाउँदै हरिनारायण भन्छन्, "अहिले जानकार मात्र होइन, सक्षम भएको छु ।"

तालिम अघि विपद्को जोखिमलाई सामान्य रुपमा लिने गरेका उनी अहिले जोखिमको प्रकृति र त्यसबाट बच्ने उपायबारे समुदायमा जानकारी बाँड्न सक्ने भएका छन् ।

चट्याङ पर्दा रुखमुनि नबस्ने, बिजुलीका पोल तथा विद्युतीय संरचनाबाट टाढा रहने जस्ता सामान्य देखिने तर

*बाँकी अन्तिम पृष्ठमा*



तालिमको अनुभव सुनाउँदै हरिनायण खंग ।
*तस्बिर : राजविराज दैनिक*

# साउन महिना सरकारी राजश्वमा वृद्धि

काठमाडौँ, १ भदौ (रासस) ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा सरकारी राजश्व सङ्कलनमा उल्लेख्य वृद्धि देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार गत साउन महिनामा सरकारको आम्दानी रु ९३ अर्ब ४३ करोड ६३ लाख हाराहारी देखिएको हो । जुन गत आर्थिक वर्षको पहिलो महिनाको कुल प्राप्तिको तुलनामा करिब १० प्रतिशत अर्थात् रु आठ अर्ब २४ करोडले वृद्धि हो ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार कर राजश्वतर्फको कुल प्राप्ति रु ८५ अर्ब १९ करोड ६ लाख र गैरकर राजश्वतर्फको कुल प्राप्ति रु सात अर्ब तीन करोड ४७ लाख छ । त्यस्तै, सरकारले पहिलो महिना रु २४ करोड तीन लाख वैदेशिक अनुदान सहायता लिएको छ । चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १६ खर्व ४२ अर्ब ६ करोड ३७ लाख आम्दानी गर्ने लक्ष्य राखेको छ ।

चालु आर्थिक वर्षको पहिलो महिनाको बजेट खर्च रु ४१ अर्ब ८८ करोड ५८ लाख रहेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षका लागि कुल रु २१ खर्व २४ अर्ब ३४ करोड ४४ लाख बराबरको बजेट ल्याइएको थियो । साउन महिनाको बजेट खर्च वार्षिक विनियोजनको एक दशमलव ९७ प्रतिशत हो ।

चालु शीर्षकमा यसवर्ष रु १२ खर्व ७० अर्ब ५८ करोड ९० लाख विनियोजन भएकोमा साउन मसान्तसम्ममा एक दशमलव ६८ प्रतिशत अर्थात् रु २१ अर्ब ४० करोड ३८ लाख खर्च भएको छ । त्यस्तै, पुँजीगत शीर्षकमा रु चार खर्व ३१ अर्ब १० लाख ६३ हजार विनियोजन भएकोमा शून्य दशमलव ३१ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थातर्फ साउन मसान्तसम्म रु १९ अर्ब १५ करोड ३५ लाख खर्च भएको छ । जुन यो शीर्षकमा वार्षिक विनियोजनको चार दशमलव ५३ प्रतिशत बराबर हो ।

## साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षा:

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्वन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### एकरूप पाठ्यक्रम निर्माण गर्नेतर्फ गम्भिर हुनु आवश्यक

गुणस्तरीय र समावेशी शिक्षा अहिलेको आवश्यकता रहेको छ। तर हाम्रो शिक्षा प्रणालीमा अहिले पनि पाठ्यक्रमको दृष्टिले स्पष्ट एकरूपता नहुनु गम्भीर विषय बनिरहेको छ। नेपालमा विभिन्न शैक्षिक बोर्डहरू, निजी तथा सरकारी विद्यालयहरूबीच पाठ्यक्रममा ठूलो भिन्नता देखिन्छ। एउटै कक्षा पढ्ने विद्यार्थीहरूबीच शैक्षिकस्तरमा फरक देखिदा विद्यार्थीहरु अन्यौलमा परेको देखिन्छ।

शिक्षा कुनै पनि राष्ट्रको विकासको मेरुदण्ड हो। सरकारी विद्यालयहरूमा लागू गरिएको पाठ्यक्रम र निजी विद्यालयहरूमा प्रचलित पाठ्यपुस्तकहरू बीचको अन्तरले विद्यार्थीहरूलाई असमान प्रतिस्पर्धामा धकेल्दछ। पाठ्यक्रममा एकरूपता हुनुले देशभरका विद्यार्थीहरूलाई समान शैक्षिक अवसर उपलब्ध गराउनेछ। पाठ्यक्रम एकरूपता कार्यान्वयन गर्दा स्थानीय सन्दर्भ र भाषागत विविधतालाई समेत समेट्नुपर्छ। यसले ग्रामीण तथा शहरी क्षेत्रका बीचको शैक्षिक खाडल घटाउनेछ, साथै राष्ट्रव्यापी योग्यता परीक्षाहरूमा समान मापदण्ड सुनिश्चित गर्नेछ। यस्ता कदमहरूले शिक्षा क्षेत्रलाई निष्पक्ष र समावेशी बनाउन मद्दत गर्छ।

तसर्थ शिक्षा मन्त्रालय र सरोकारवालाहरूले मिलेर देशभर एकरूप पाठ्यक्रम निर्माण गर्नेतर्फ गम्भिर हुनु आवश्यक रहेको छ।


### बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# पर्यटन उद्योग विकासको मार्गचित्र

**दिनेश तुलाधर**

काठमाडौं, १ भदौ (रासस)।

पर्यटन उद्योगको मेरुदण्डका रूपमा रहेको आतिथ्य क्षेत्रलाई नेपालको अर्थतन्त्रको प्रमुख आधारका रूपमा लिन सकिन्छ। आतिथ्य क्षेत्रमा पनि होटल क्षेत्र व्यवसायका रूपमा मात्र नभई उद्योगका रूपमा विकास भएको छ। होटल उद्योगमा छ दशकभन्दा बढीको अवधिमा खर्बौं रुपैयाँ बराबरको निजी लगानी भइसकेको छ। यस उद्योगमार्फत रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन, लगानी विस्तार, गन्तव्य विकास तथा समग्र आर्थिक गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ।

केही वर्षयता होटल उद्योगमा बढ्दो लगानीले मुलुकको समावेशी तथा विकेन्द्रित विकासमा होटल उद्योगले अतुलनीय भूमिका खेलेको छ। नेपालको होटल उद्योगले वार्षिक करिब ४० लाख पर्यटकलाई सेवा दिनसक्छ तर अहिले १२ लाख हाराहारी मात्रै पर्यटक आइरहेका छन्। देशभरका होटल तथा रिसोर्टहरूमा वार्षिक ४० लाखभन्दा बढी अन्तरराष्ट्रिय पर्यटकलाई सेवा प्रदान गर्ने क्षमता विकास भइसकेको छ भने लाखौं रोजगारी सिर्जना गरी विश्वस्तरका ख्याति प्राप्त चेन होटलहरूको पनि नेपालप्रति आकर्षण बढेको पाइन्छ।

हाल नेपालमा करिब २० भन्दा बढी ठूला अन्तरराष्ट्रिय चेन होटल तथा रिसोर्टहरू सञ्चालनमा छन् भने करिब १५ जति नेपाल आउने क्रममा रहेको अवस्था आफैंमा उत्साहप्रद देखिन्छ। तारे तहका होटल तथा रिसोर्टको सङ्ख्या पर्यटन विभागमा आधिकारिक दर्ता भएका नै ३५० रहेबाट वार्षिक झन्डै एक करोडको शय्याको उपलब्ध रहेको देखिन्छ।

एकातिर होटलको सङ्ख्या र क्षमता बढ्दै गएको छ भने अर्कोतिर विदेशी पर्यटकको आगमन उल्लेख्य रूपमा बढ्न नसक्दा करिब ३५ प्रतिशत मात्र 'अकुपेन्सी' रहेको अवस्था छ। यसले उपलब्ध पूर्वाधार र लगानीको पर्याप्त उपयोग हुन नसक्दा व्यवसायीहरू निराश बन्नुपर्ने अवस्था रहेको छ।

नेपालको पर्यटन 'सिजन'मुखी भएको कारण होटल उद्योगले वर्षभरि नै एकैखालको 'अकुपेन्सी' पाउन सकिरहेको छैन। देशको पर्यटन उद्योगको अथाह सम्भावनालाई दृष्टिगत गरी चेन होटलहरूको वृद्धिसँगै लगानी विस्तार बढिरहेको अवस्था छ भने पर्यटन विकेन्द्रीकरणको अभावमा मौकामा व्यवसाय गरी अरू समय व्यवसाय धान्न मुस्किल हुने गरेको छ। विगत केही वर्षमा पर्यटन पूर्वाधार विस्तार, हवाई पहुँच सुधार तथा होटल उद्योगको विकासमा उल्लेखनीय प्रगति भए पनि अन्तरराष्ट्रिय सम्मेलन तथा प्रदर्शनी पूर्वाधारको अभाव, पर्यटकको औसत बसाइ अवधि र खर्च न्यून रहनु, उच्च सम्भावना भएका स्रोत बजारहरूबाट पर्यटक आगमनमा आएको कमी, गन्तव्य विविधीकरणको आवश्यकता, पर्यटन प्रवर्द्धनका नयाँ रणनीतिहरू तथा लगानीमैत्री नीतिगत सुधारजस्ता विषयहरू अझै पनि चुनौतीका रूपमा रहेका छन्।

नेपालको पर्यटन क्षेत्रलाई गुणात्मक रूपमा विस्तार गर्दै उच्च खर्च गर्ने खालका पर्यटकहरूलाई आकर्षित गर्ने, उनीहरूको बसाइ अवधि बढाउने, लगानी प्रवर्द्धन गर्ने तथा नेपाललाई दक्षिण एसियाको अग्रणी पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न राज्यको सकारात्मक भूमिका आवश्यक छ। नेपाललाई अन्तरराष्ट्रिय सम्मेलन, प्रदर्शनी, खेल पर्यटन तथा आरोग्य पर्यटनको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ। काठमाडौंलाई संस्कृति कला तथा सम्पदा पर्यटन, पोखरालाई नेपालको प्रमुख पर्यटन राजधानीका रूपमा विस्तार गरी लुम्बिनीलाई शान्तिभूमि तथा चितवन बर्दिया जस्ता केन्द्रलाई वन्यजन्तु पर्यटक केन्द्रका रूपमा विकास गर्न सकिएमा पर्यटकको आगमन, बसाइ र खर्च गर्ने क्रम बढाउन सकिन्छ। जनकपुरलाई विवाह गन्तव्यका रूपमा विस्तार गरी खप्तड बडीमालिका, सैलुङजस्ता क्षेत्रहरूमा होटल तथा क्यासिनो विस्तार गर्न आकर्षक लगानी तथा वित्तीय सहजीकरणको आवश्यकता रहेको छ।

पर्यटकको औसत बसाइ अवधिमा वृद्धि र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटन उत्पादनको विविधीकरण तथा गन्तव्य व्यवस्थापनमा ध्यान दिनुपर्ने हुन्छ। खासगरी भारत, चीन बङ्गलादेश, श्रीलङ्का, अमेरिका, युरोपलगायत प्रमुख स्रोत बजारबाट पर्यटक आगमन वृद्धि गर्न विशेष रणनीति जरुरत पर्दछ। होटल तथा पर्यटन क्षेत्रमा निजी लगानी विस्तारका लागि नीतिगत तथा संस्थागत सुधारका साथै कानूनी उल्झन र अप्ठ्याराहरूलाई द्रूतगतिमा सम्बोधन गर्न तथा हवाई पहुँच, पर्यटन क्षेत्रको समग्र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा पर्यटनमैत्री वातावरण निर्माणसम्बन्धी सुधार गर्न अन्तरमन्त्रालय निकाय सम्मिलित सहजीकरण समितिमार्फत कार्य सम्पादन गरिनुपर्ने हुन्छ।

सरकार र निजी क्षेत्रको सहकार्यमा नेपालको पर्यटन क्षेत्रको आधारस्तम्भ होटल उद्योगलाई राष्ट्रिय आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा स्थापित गर्न सकिन्छ। होटल उद्योगलाई थप प्रोत्साहित गर्दा बहुआयामिक क्षेत्रमा सकारात्मक प्रभाव पुग्ने, आपूर्ति शृङ्खला अभिवृद्धि हुने, ग्रामीण विकासले गति लिने मात्र नभई नेपालले अन्तरराष्ट्रिय पर्यटक आगमन सङ्ख्या वृद्धिमार्फत पर्यटन आम्दानी, वैदेशिक लगानी र रोजगारी सिर्जनामा गुणात्मक फड्को मार्न सकिन्छ।

नेपालमा योग, ध्यान र प्राकृतिक उपचारको ठूलो सम्भावना छ। सरकारले पदयात्रा र साहसिक पर्यटनसँगै आरोग्य पर्यटनलाई पनि प्राथमिकतामा राखेकामा होटल क्षेत्रले उच्च प्रशंसा गर्दै त्यसलाई व्यवस्थित रूपमा प्रवर्द्धन गर्नसके उच्च खर्च गर्ने पर्यटक आकर्षित गर्न सकिन्छ।

मुलुकको पर्यटन प्रवर्द्धनका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले जुन सक्रियताका साथ कार्य गर्नुपर्ने हो सोको कार्यान्वयन हुन नसकेको र आवधिक रूपमा गरिने भौतिक उपस्थितिसहितको प्रवर्द्धनले मात्र नेपाली पर्यटन उद्योगको विकास हुन सकेको छैन। आर्थिक कूटनीतिअन्तर्गत पर्यटन कुटनीतिलाई विशेष जोड दिन परराष्ट्र मन्त्रालयअन्तर्गत पर्यटन कूटनीतिका विज्ञ व्यक्ति नियुक्त गरी पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाहरूसमेतको ज्ञान, सीप र सञ्जालको भरपूर उपयोग गर्न आवश्यक छ।

पर्यटन नीति २०८२ को गहन विश्लेषणग गरी त्यसमा उल्लेखित विषयहरूलाई नयाँ बन्ने पर्यटन ऐनमा समेटिनुपर्ने हुन्छ। नीतिमा उल्लेख गरिएका विषयहरूको कार्यानवयन ऐनमार्फत हुने हुँदा यसले मुलुकको पर्यटन क्षेत्रलाई माथि उठाउन महत्वपूर्ण कानुनी आधार तयार गर्दछ। पर्यटन अन्तरराष्ट्रिय सम्बन्ध जोडिएको र निजी क्षेत्रले बढी भूमिका खेल्नसक्ने भएको हुँदा ऐनको तर्जुमा गरिरहँदा पर्यटन सुरक्षा, डिजिटल पेमेन्ट, कृत्रिम बौद्धिकताको प्रयोग, अनलाइन भिसालगायत धेरै कुराहरूलाई समयानुकूल बनाउँदै लैजानुपर्ने हुन्छ। नेपालको पर्यटनलाई अझ विस्तृत र परिणाममुखी बनाउन नेपाल पर्यटन बोर्डको प्रवर्द्धनात्मक भूमिकासँगै पर्यटनको दिगो विकासका लागि पर्यटन विकास प्राधिकरणको आवश्यकता महसुस हुन थालेको छ। मन्त्रालय, विभाग र बोर्डले मात्रै समग्र पर्यटनको विकासमा काम गर्न कठिनाइ हुने हुँदा प्राधिकरणमार्फत पूर्वाधार निर्माण, दीर्घकालीन योजनालगायतका धेरै कामहरू गर्न सहज हुने देखिन्छ।

नेपाललाई पुराना ब्रान्डिङ (प्रकृति, संस्कृति र साहसिक गन्तव्य) का रूपमा मात्र सीमित राखिँदा विश्व बजारमा अन्य मुलुकहरूमा प्रयोग भइसकेको पर्यटन उद्योगका महत्वपूर्ण हिस्साहरू अहिलेसम्म बजारीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन। हाल अधिक मागसहित प्रचलनमा रहेका दिगो पर्यटन, आरोग्य पर्यटन, स्वास्थ्य पर्यटन, खेल पर्यटन, 'डिजिटल नोम्याड', सेवानिवृत्त पर्यटन, अनुभवात्मक पर्यटन, 'रिजेनेटिभ टुरिजम', 'ट्रान्सफर्मेटिभ टुरिजम'हरूलाई अब सहायक पर्यटनका रूपमा नराखी पर्यटन नीति २०८२ का नवीन भावनाबमोजिम तत्काल कार्यान्वयनमा लैजान प्रस्तावित पर्यटन ऐनमा अद्यावधिक गरी अन्य ऐनहरूमा पनि समयसापेक्ष सुधारको खाँचो रहेको छ।

पर्यटन तथा होटलसम्बन्धी नीति, नियम, कानुन, नियमावली, निर्देशिका तथा मापदण्डहरूलाई परिवर्तित बजारको माग, पर्यटकको रुचि आदि विषयहरूलाई सापेक्ष बनाई व्यवसाय तथा पर्यटकमैत्री बनाउन विशेष प्राथमिकताका साथ संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ। सन् २०३० भित्रमा पर्यटकहरूले कम्तीमा पनि दैनिक औसत खर्च न्यूनतम पनि एक सय डलर पुऱ्याउने गरी ठोस कार्यनीति आवश्यक रहेको छ। आजको विश्व बजारमा परम्परागत ढङ्गले बजारीकरण हुन सक्दैन। विभिन्न पर्यटक आकर्षणका गतिविधिहरू वृद्धि गर्दै सन् २०३० भित्र पर्यटकको औसत बसाइ अवधि कम्तीमा पनि २० दिन पुऱ्याउने नीति अवलम्बन गर्नुपर्ने हुन्छ।

साथै, अन्तरराष्ट्रिय पर्यटकहरूका लागि अनलाइन भिसा/इटिए/अन आगमन भिसामा पर्यटकमैत्री तथा प्रविधिमैत्री बनाउन सकिए निश्चय नै लक्षित पर्यटक भित्र्याउन सकिन्छ।

प्रधानमन्त्री वालेन शाहसँग केही दिनअघि होटल सङ्घ नेपाल (हान) का पदाधिकारीहरूले गरेको विशेष छलफलमा वर्तमान सरकारले निजी क्षेत्रलाई उच्च प्राथमिकता दिएकाले राज्यलाई आफ्नो बलियो साझेदार मानेर ढुक्कसँग काम गर्न प्रधानमन्त्रीले गर्नुभएको अनुरोध निकै प्रशंसनीय छ। सो अवसरमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई राज्यको विकास साझेदारका रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो। होटल व्यवसायीलाई कानुनको पालना गर्दै व्यवसाय सञ्चालन गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन तथा सार्वजनिक-निजी साझेदारी (विपिपी) मोडलमा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न सकिने उहाँबाट भनाइप्रति व्यवसायीहरूमा नयाँ उत्साह जागृत भएको छ। अन्तरराष्ट्रिय गौरवका आयोजनाका रूपमा रहेका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन तथा राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको सेवामा व्यापक सुधार गर्न सरकारसँग अनुरोध गरिएको छ।

यसैगरी, व्यवसायीहरूको तर्फबाट होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योग सरह विद्युत् महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ शय्यासम्मको सङ्क्षिप्त वातावरणीय मूल्याङ्कन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० शय्यासम्म कायम गर्न माग गरिएको थियो। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत 'ट्रेडमार्क' प्रयोगको 'रोयल्टी' रकम प्रचलित करबाहेक कूल बिक्री मूल्यको पाँच

बाँकी अन्तिम पृष्ठमा

# कोशीटप्पुको निगुरो काठमाडौंको कालीमाटी पुग्छ

सुनसरी, १ भदौ (रासस)।
कोशी गाउँपालिका–८ भन्टाबारीकी मीरा मेहताले विगत सात वर्षदेखि निगुरो बिक्री गर्दै आउनुभएको छ। जङ्गलबाट निगुरो खोजेर ल्याई बिक्री गर्दा लगानी आवश्यक नपर्ने भएकाले राम्रै आम्दानी हुने गरेको उहाँको भनाइ छ।

थोरै समय खर्च गरेर राम्रै आम्दानी गर्न सकिन्छ। दैनिक हामी श्रीमान् श्रीमती कोशीटप्पु गएर निगुरो खोजेर ल्याउँछौँ। "यहाँबाट व्यापारीले खरिद गरेर काठमाडौँ पठाउँछन्", उहाँले भन्नुभयो।

उहाँले दैनिक रु दुई हजारदेखि रु तीन हजार बढीको निगुरो बिक्री गर्दै आएको जानकारी दिनुभयो। "व्यापार हो, कहिले कम हुन्छ, कहिले बढी पनि हुन्छ। बिहान ३:०० बजे उठेर निगुरो खोज्न कोशीटप्पु जान्छौँ। छ–सात घण्टामा यहाँ आइपुग्छौँ। यहाँ ल्याएर मुठा पार्ने, केलाउने र व्यापारीलाई बिक्री गर्ने गर्छौँ", उहाँले सुनाउनुभयो।

निगुरो प्रतिमुठा रु १० थोकमा बिक्री हुने गरेको छ। यसबाट बालबालिकाको खाजा र घरखर्च चलाउन सहयोग पुग्ने गरेको उहाँको भनाइ छ। सुनसरीको कोशी गाउँपालिका–८ भन्टाबारीमा सङ्कलन गरी ल्याइएको निगुरो काठमाडौँको कालीमाटी फलफूल तथा तरकारी बजारसम्म पुग्ने गरेको छ।

अर्का स्थानीय आशादेवीले पनि विगत १५ वर्षदेखि कोशीटप्पु क्षेत्रबाट निगुरो खोजेर ल्याई बिक्री गर्दै आउनुभएको छ। उहाँले दैनिक रु एक हजारदेखि रु दुई हजारसम्मको निगुरो बिक्री गर्ने गरेको बताउनुभयो।

"बिहान सबेरै उठेर कोशीटप्पु क्षेत्रमा निगुरो खोज्न जान्छु र त्यहाँबाट ल्याएर यहाँ बिक्री गर्छु। बजार धाउनु पर्दैन, यहीँबाट व्यापारीले सबै खरिद गरेर लैजान्छन्", उहाँले भन्नुभयो, "एकमुस्ट पैसा पाइने भएकाले गर्मीमा बिक्रीका लागि धेरै दुःख पनि गर्नु पर्दैन।" खुसी हुँदै उहाँले भन्नुभयो, "निगुरोको सिजनमा वर्षमा करिब ५–६ महिना व्यापार हुने र निगुरो बिक्री गरेर घरखर्च टार्न सहयोग पुगेको छ।"

स्थानीय व्यापारी भरतप्रसाद गुप्ताका अनुसार स्थानीयले सङ्कलन गरेर ल्याएको निगुरो जम्मा गरी दैनिक काठमाडौँको कालीमाटी फलफूल तथा तरकारी बजारमा पठाउने गरिएको छ। कोशीटप्पु क्षेत्र तथा भारतबाट सङ्कलन गरेर ल्याएको निगुरो जम्मा गरी भन्टाबारीबाट महिनामा रु १२ लाखभन्दा बढीको निगुरो काठमाडौँको कालीमाटी बजार पठाउने गरिएको उहाँले बताउनुभयो।

अर्का व्यापारी रामबहादुर गुप्ताले यहाँ विगत चार–पाँच वर्षदेखि निगुरोको खरिदबिक्री गर्दै आउनुभएको छ। दैनिक स्थानीयले सङ्कलन गरेर ल्याएको निगुरो खरिद गरी काठमाडौँ पठाउने गरेका छौँ। यहाँ रु १० मा खरिद गरेको निगुरो काठमाडौँमा रु १८ देखि रु २० सम्ममा बिक्री हुन्छ। "गाडी भाडालगायत खर्च कटाउँदा हामीलाई केही नाफा हुन्छ", उहाँले भन्नुभयो।

स्थानीयले सङ्कलन गरेको निगुरो सडकमा बसेर बिक्री गर्नुपर्ने अवस्था नरहेको र व्यापारीले एकमुस्ट खरिद गरिदिने भएकाले सहज भएको व्यापारी गुप्ताले बताउनुभयो।

भन्टाबारी बजार क्षेत्रमा दैनिक हाटबजार लाग्ने गरे पनि निगुरोको मौसममा सडकको एक छेउमा छुट्टै निगुरोको व्यापार हुने गरेको छ। वर्षमा करिब छ महिना सञ्चालन हुने उक्त स्थानलाई 'निगुरो हाट' वा निगुरो व्यापार गर्ने स्थानका रूपमा समेत चिनिने गरिएको स्थानीयको भनाइ छ।

# सबै जिल्लामा पुग्यो 'सरकारी कुरियर सेवा', यी कागजात पुग्छन् व्यक्तिको घरसम्मै

काठमाडौँ, १ भदौ (रासस)।
जिल्ला हुलाक कार्यालय हुम्ला र जिल्ला प्रशासन कार्यालय हुम्लाबीच सरकारी कागजात घरघरमै पुर्‍याउने विषयमा सम्झौता भएको छ। हुलाक सेवालाइ 'सरकारी कुरियर सेवा' का रूपमा विकास गर्ने सरकारी अभियानअन्तर्गत सो सम्झौता भएको हो। हाल ७७ वटै जिल्लामा सरकारी कुरियर सेवा पुगेको छ।

मन्त्रिपरिषद्को पहिलो निर्णयले हुलाकलाई सरकारी सामग्री तथा कागजात ढुवानी सेवाका रूपमा विकास गर्ने उद्देश्य राखेको थियो। हुलाक सेवा विभागले सरकारी कागजात तथा सामग्री ढुवानीसँगै राहदानी, सवारीचालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्रलगायत सेवा नागरिकको घरदैलोसम्म पुर्‍याउन सुरु गरिसकेको छ।

हुलाक सेवा विभागले २०८३ भदौ १ गतेसम्म ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दुई लाख ५१ हजार ५०१ थान राहदानी हुलाकमार्फत ढुवानी गरिएको छ।

तीमध्ये आठ हजार ७१२ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुर्‍याएर वितरण गरिएको छ। त्यसैगरी, सवारीचालक अनुमतिपत्रतर्फ यातायात व्यवस्था विभागबाट प्राप्त १० लाख ३८ हजार ८०८ थान अनुमतिपत्र सातवटै प्रदेशका यातायात व्यवस्था कार्यालयमा हुलाकमार्फत पुऱ्याइएको छ।

तीमध्ये एक हजार ९९ थान अनुमतिपत्र सेवाग्राहीको घरदैलोमै पुर्‍याइएको विभागले जनाएको छ। सवारीचालक अनुमतिपत्र घरदैलोमै पुर्‍याउने उद्देश्यले कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र हुलाक निर्देशनालय, सुर्खेतबीच समझदारीपत्रमा हस्ताक्षर भई सेवा सुरु भइसकेको छ।

सुदूरपश्चिम प्रदेशमा पनि यस्तै सेवा विस्तार गर्न अन्तिम तयारी भइरहेको विभागले जनाएको छ। शैक्षिक प्रमाणपत्र घरदैलोमै पुऱ्याउने व्यवस्थाअन्तर्गत नेपाल खुला विश्वविद्यालय र हुलाक सेवा विभागबीच गत असार ८ गते सम्झौता भई सेवा कार्यान्वयनमा आएको छ।

त्रिभुवन विश्वविद्यालयसँग पनि यस्तै सम्झौताका गर्न छलफल भइरहेको छ। स्वास्थ्य क्षेत्रमा पनि हुलाक सेवाको प्रयोग विस्तार भएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सम्झौताअनुसार १७ वटा अस्पतालका एक हजार ५१० वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ।

स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग भएको सम्झौताअनुसार ४४ हजार १८४ थान सामग्री हुलाकमार्फत् ढुवानी गरिएको छ। स्वास्थ्य बीमा बोर्डसँगको सम्झौता अनुसार १४२ बोरा स्वास्थ्य सामग्री ढुवानी गरिएको विभागले जनाएको छ।

हाल सिमकार्डबाहेक नेपाल टेलिकमका अन्य सामग्री पनि हुलाक सेवामार्फत ढुवानी भइरहेको छ। भूमि व्यवस्था तथा अभिलेख विभाग र हुलाक सेवा विभागबीच साउन ८ गते सम्झौता भई जग्गाधनी पुर्जा, सरकारी कागजातलगायत सामग्री ढुवानी तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ।

हुलाक सेवालाई परम्परागत चिठीपत्र आदानप्रदानको माध्यममा सीमित नराखी सरकारी सेवा तथा कागजात नागरिकको घरदैलोसम्म पुर्‍याउने भरपर्दो सार्वजनिक सेवा प्रणालीका रूपमा विकास गर्ने प्रयास भइरहेको विभागले जनाएको छ। सेवालाई थप प्रभावकारी, छरितो र कम खर्चिलो बनाउन डाँक मार्गको पुनरावलोकन गरी गत जेठ ३१ गते स्वीकृत गरिएको छ।

त्यसैगरी, हुलाक सङ्केत प्रणालीलाई सात अङ्कीय बनाउँदै आन्तरिक निगरानी प्रणालीमा समेत स्तरोन्नति गरिएको छ। वैदेशिक हुलाक सेवालाई सहज बनाउन हुलाक सेवा विभागको समन्वयमा वैदेशिक हुलाक भन्सार कार्यालय र राष्ट्रिय वाणिज्य बैंकका सेवा बिदाका दिनसमेत सञ्चालन हुने व्यवस्था मिलाइएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट वैदेशिक हुलाक सामग्रीको ढुवानीलाई थप छरितो बनाउन त्यहाँ द्रुत जाँच सेवा लागू गरिएको छ। हुलाक सामग्रीको हवाई ढुवानी सहज बनाउन यतिलगायत विभिन्न वायुसेवा कम्पनीसँग सम्झौता तथा पूरक सम्झौता गरिएको छ। नेपाल वायुसेवासँग अन्तरराष्ट्रिय डाँक ढुवानीको रकम भुक्तानीसम्बन्धी विषयमा छलफल गरी नेपाल वायुसेवा र हुलाक सेवा विभागबीच भएको सम्झौता संशोधन गर्ने निर्णय भएको विभागले जनाएको छ।

हुलाक सेवालाई अन्तरराष्ट्रिय मापदण्डअनुसार व्यवस्थित गर्न अन्तर्राष्ट्रिय हुलाक सङ्घको सन् २०२५ को निर्देशिकाअनुसार पत्र तथा पार्सलसम्बन्धी विवरण अद्यावधिक गर्ने पहिलो चरणको काम सम्पन्न भएको छ भने दोस्रो चरणको काम सुरु गरिएको छ।

हुलाकको आन्तरिक निगरानी प्रणालीलाई थप स्तरोन्नति गरी राहदानी विभागसँग प्रत्यक्ष जोड्ने विषयमा सूचना तथा सञ्चार मन्त्रालय, सूचना प्रविधि विभाग, केन्द्रीय हुलाक कार्यालय, राहदानी विभाग र परराष्ट्र मन्त्रालयबीच छलफल भएको छ। सरकारको नीति तथा कार्यक्रमअनुसार देशभरका हुलाक कार्यालयलाई क्रमशः 'स्मार्ट हुलाक' मा रूपान्तरण गर्ने अभियानसमेत अघि बढाइएको छ।

यसका लागि आवश्यक मापदण्ड स्वीकृत गरी ५० वटा हुलाक कार्यालयलाई सूचना प्रविधिमा आधारित आधुनिक हुलाकका रूपमा विकास गर्न छनोट गरिएको छ। त्यसैगरी, स्वास्थ्य सेवा विभागसँग औषधिजन्य सामग्री ढुवानीका लागि सम्झौता गर्ने विषयमा प्रारम्भिक छलफल सम्पन्न गरी आवश्यक प्रक्रिया अघि बढाइएको छ। गैरकर राजस्व अभिवृद्धि तथा सेवा प्रवाहलाई सहज बनाउन सुरक्षण मुद्रण केन्द्रसँगको सहकार्यमा रु ३४ लाख ७४ हजार थान हुलाक टिकट छपाइ गरिएको छ।

थप हुलाक टिकट छपाइका लागि डिजाइन स्वीकृत गरी आवश्यक प्रक्रिया अघि बढाइएको विभागले जनाएको छ। हुलाक सेवाको प्रयोग बढाउन सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय विस्तार गरिएको छ। यस क्रममा द्रुत हुलाक, पार्सल तथा पत्र सेवासम्बन्धी अन्तरक्रिया र जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्।

## विश्व समाचार

### इन्डोनेसियामा भूकम्प, १२ हजारभन्दा बढी विस्थापित

म्बे (इन्डोनेसिया), १ भदौ (रासस/एएफपी)।
पूर्वी इन्डोनेसियाको फ्लोरेस टापुमा शनिबार गएको शक्तिशाली भूकम्पपछि करिब १२ हजार ८०० मानिस विस्थापित भएका छन्। घरहरू क्षतिग्रस्त भएपछि हजारौँ बासिन्दा विद्यालय, प्रहरी चौकी र सरकारी कार्यालयमा आश्रय लिएर आवश्यक राहतको पर्खाइमा छन्। सात दशमलव सात म्याग्निच्युडको भूकम्पमा ५३ जनाको मृत्यु भएको र एक सयभन्दा बढी घाइते भएको उद्धार अधिकारीहरूले बताएका छन्। हालसम्म कोही बेपत्ता भएको सूचना नआए पनि उद्धार तथा खोजी कार्य जारी रहेको अधिकारीहरूको भनाइ छ। इन्डोनेसियाको राष्ट्रिय विपद् व्यवस्थापन निकायका प्रवक्ता बर्टन सुआर पेलिता पञ्जाइतानका अनुसार सोमबार बिहानसम्म फ्लोरेसका विभिन्न क्षेत्रमा घर फर्कन नसक्ने विस्थापितको सङ्ख्या १२ हजार ८०० पुगेको छ। लगातार आएका परकम्पका कारण धेरै मानिस दोस्रो रात पनि घरबाहिरै बस्न बाध्य भएका छन्। भूकम्पको केन्द्रनजिकै रहेको नागेको क्षेत्रमा एएफपीले म्बे सहरका बासिन्दाले त्रिपाल र खम्बाको सहायताले अस्थायी टहरा बनाएर रात बिताइरहेको देखेको थियो। स्थानीय बासिन्दा जुनैदिनका अनुसार धेरै घर भत्किएका छन् भने बाँकी घरमा समेत चिरा परेकाले भित्र बस्न सक्ने अवस्था छैन। उहाँले पानी, कपडा र सिरानीजस्ता आवश्यक सामग्री लिन मात्र घर जाने र फेरि अस्थायी शिविरमै फर्किने बताउनुभयो। राहतमा ढिलाइ भएको भन्दै उहाँले सरकारसँग सहयोगका लागि आग्रह गर्नुभयो। फ्लोरेसका बासिन्दाका लागि सन् १९९२ को ७.७ म्याग्निच्युडको भूकम्पको त्रास अझै ताजा छ। त्यसबेला भूकम्पपछि आएको सुनामीमा करिब दुई हजार ५०० जनाको मृत्यु भएको थियो। यसपटक इन्डोनेसियाली वायुसेनाले दुई हर्क्युलस विमान र एउटा बोइङमार्फत १३ टन आपत्कालीन राहत सामग्री प्रभावित क्षेत्रमा पुऱ्याएको जनाएको छ। दुर्गम क्षेत्रमा रहेका बासिन्दासम्म सामग्री पुऱ्याउन हेलिकप्टरसमेत परिचालन गरिएको छ।

राहत सामग्रीमा खाद्यान्न, कपडा, खानेपानी र आपत्कालीन उपचारका सामग्री छन्। सेनाले प्रमुख वितरण केन्द्रमा राहत व्यवस्थापनका लागि कर्मचारीसमेत परिचालन गरेको छ। प्रभावित बासिन्दाले राहत अझै पर्याप्त रूपमा नपुगेको गुनासो गरेका छन्। तीन सन्तानकी आमा म्बेकी ३१ वर्षीया सिती सौदाह दासोले आफूहरूले लगाएको कपडाबाहेक केही पनि लिएर घरबाट निस्कन नपाएको बताउँदै सरकारी सहयोगको प्रतीक्षा गरिरहेको जानकारी दिनुभयो। उद्धार तथा खोजी अधिकारी फतुर रहमानका अनुसार उद्धार टोलीले स्थल र हवाई दुवै माध्यमबाट खोजी गरिरहेको छ। बेपत्ता भएको सूचना नआए पनि सम्भावित प्रभावित क्षेत्रमा खोजी जारी राखिएको उहाँले बताउनुभयो। भूकम्पको केन्द्र फ्लोरेसको उत्तरी तटमा रहेको र भूकम्प तुलनात्मक रूपमा सतहमै गएको भूगर्भीय अधिकारीहरूले बताएका छन्। प्रभावित क्षेत्रमा अग्लो भवनको सङ्ख्या निकै कम रहेको छ।राष्ट्रिय विपद् व्यवस्थापन निकायका अनुसार टापुमा कम्तीमा ९१४ घरमा गम्भीर क्षति पुगेको छ भने सयौँ घरमा सामान्य क्षति भएको छ। विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयसहित दर्जनौँ सार्वजनिक भवनसमेत प्रभावित भएका छन्। बालबालिकाको पढाइसमेत प्रभावित भएको छ। गैरसरकारी संस्था सेभ द चिल्ड्रेनका अनुसार आठ हजारभन्दा बढी बालबालिका सुरक्षा जोखिम र शिक्षामा अवरोधको अवस्थामा छन्। इन्डोनेसिया प्रशान्त महासागर वरिपरि फैलिएको 'रिङ अफ फायर' क्षेत्रमा पर्ने भएकाले त्यहाँ भूकम्प जाने क्रम सामान्य छ। सन् २००४ मा सुमात्राको तटमा गएको ९.१ म्याग्निच्युडको भूकम्पपछि आएको सुनामीमा विश्वभर करिब दुई लाख २० हजार मानिसको मृत्यु भएको थियो। इन्डोनेसियामा मात्रै करिब एक लाख ७० हजार मानिसले ज्यान गुमाएका थिए। उक्त घटनालाई आधुनिक इतिहासकै सबैभन्दा विनाशकारी प्राकृतिक विपत्तिमध्ये एक मानिन्छ।

### बिजुलीको पोल ढलेपछि अशोकधाममा भागदौड, सात भक्तजनको मृत्यु

लखीसराय (बिहार), १ भदौ (रासस/एएनआई)।
बिहारको लखीसराय जिल्लास्थित अशोकधाम मन्दिर नजिक सोमबार बिहान भागदौड हुँदा कम्तीमा सात भक्तजनको मृत्यु भएको छ भने अन्य केही घाइते भएका छन्। जिल्ला प्रशासनका अनुसार रेलवे हाल्ट नजिक बिजुलीको पोल ढलेपछि त्यसबाट विद्युत् प्रवाह भइरहेको तार खसेको हल्ला फैलिएसँगै भीडमा त्रास उत्पन्न हुँदा भागदौड भएको हो। मृतकमध्ये सबै महिला रहेको लखीसरायका जिल्ला मजिस्ट्रेट शैलेन्द्र कुमारले बताउनुभयो मजिस्ट्रेट कुमारका अनुसार भक्तजनको लाम अशोकधाम हाल्टसम्म पुगेको थियो र त्यहाँ दुईवटा रेल रोकिएका थिए। अचानक पुरुषतर्फको लामनजिक बिजुलीको पोल ढलेपछि त्यसमा रहेको केबल तार खसेको थियो। तारमा विद्युत् प्रवाह भइरहेको हल्ला फैलिएपछि महिलातर्फको लाममा चाप बढ्दा केही भक्तजन एकअर्कामाथि लडेका थिए। "घटना करिब दुई मिनेटको अवधिमा अचानक भएको हो", कुमारले भन्नुभयो। उहाँका अनुसार प्रहरी तथा प्रशासन बिहान ३ बजेदेखि नै घटनास्थलमा खटिएका थिए लखीसरायका एसडीपीओ शिवम कुमारले सात जनाको मृत्यु भएको पुष्टि गर्दै पोल ढलेपछि करेन्ट लागेको प्रारम्भिक जानकारी आए पनि घटनाको वास्तविक कारणबारे अनुसन्धान भइरहेको बताउनुभयो। बिहारका मन्त्री विजय कुमार सिन्हाले घटनाप्रति दुःख व्यक्त गर्दै विद्युत् प्रवाह भइरहेको तार खसेको हल्लाका कारण भागदौड भएको बताउनुभयो। उहाँले गलत हल्ला फैलाउने व्यक्तिको पहिचान गरी कारबाही गरिने जानकारी दिनुभयो। "तार खसेपछि करेन्ट फैलिएको हल्ला फैलियो र त्यसले भागदौडको स्थिति निम्त्यायो", उहाँले भन्नुभयो केन्द्रीय मन्त्री राजीव रञ्जन (लालन) सिंहले पनि घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गर्नुभयो। उहाँका अनुसार साउनको तेस्रो सोमबारका अवसरमा अशोकधाममा ठूलो सङ्ख्यामा भक्तजन जम्मा भएका थिए। घाइतेहरूलाई तत्काल लखीसराय सदर अस्पताल तथा नजिकका स्वास्थ्य केन्द्रमा लगिएको छ। घटनास्थलमा प्रहरी, जिल्ला प्रशासन र आपत्कालीन सेवाका टोली परिचालन गरिएको थियो। यसैबीच, बिहार सरकारले मृतकका परिवारलाई जनही चार लाख भारतीय रुपैयाँ राहत उपलब्ध गराउने घोषणा गरेको छ। मुख्यमन्त्री सम्राट चौधरीले सामाजिक सञ्जाल 'एक्स' मार्फत सरकार पीडित परिवारको साथमा रहेको बताउनुभएको छ। साउन महिनाको सोमबार शिव मन्दिरमा जल चढाउन ठूलो सङ्ख्यामा भक्तजन पुग्ने भएकाले अशोकधाममा पनि बिहानैदेखि भीड लागेको थियो।

# वर्षासँगै नौ सडकखण्ड अवरुद्ध, यात्रामा सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १ भदौ (रासस)।

लगातारको वर्षाका कारण देशका विभिन्न जिल्लाका नौ सडकखण्ड पहिरो, सडक भासिने तथा नदी कटानका कारण पूर्ण रूपमा अवरुद्ध भएका छन्।

नेपाल प्रहरीद्वारा सोमबार यहाँ जारी सूचनाका अनुसार काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी-सिन्धुली सडकखण्डमा बेलुका ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारीसाधनको आवतजावत रोकिएको छ। बिहान ४:०० बजेदेखि बेलुका ६:०० बजेसम्म भने यातायात सञ्चालन गर्न दिइनेछ।

त्यसैगरी, मकवानपुरको कान्ति लोकपथमा वर्षाका कारण बेलुका ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ। इलामको मेची राजमार्ग इलाम नगरपालिका-९ राजदुवालीमा वर्षाका कारण सडक हिलाम्मे भएपछि पूर्ण रूपमा अवरुद्ध भएको छ। उक्त स्थानमा वैकल्पिक बाटो रहेको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोकको अरनिको राजमार्ग भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित ईकु पहिरोमा ढुङ्गा, माटो र लेदोसहितको पहिरो खसेपछि तथा सोही गाउँपालिका-२ लिपीडमा सडक भासिएपछि पूर्ण रूपमा अवरुद्ध भएको छ।

रसुवाको पासाङ ल्हामु सडकखण्ड उत्तरगया गाउँपालिका-५ खाल्टेमा त्रिशूली नदीले सडकमुनिबाट कटान गरेपछि अवरुद्ध भएको छ। त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी जाने सडकखण्डमा यातायात सञ्चालन हुन सकेको छैन।

रुकुम पश्चिमको भेरी करिडोर आठबिसकोट नगरपालिका-६ रिजेगाउँ खोलामा सडक माथिबाट ढुङ्गा, माटो र लेदोसहितको पहिरो खसेपछि पूर्ण रूपमा अवरुद्ध भएको छ। उक्त सडकखण्डले जाजरकोट-डोल्पा जोड्छ।त्यस्तै, सङ्खुवासभाको कोशी राजमार्ग भोटखोला गाउँपालिका-३ सिरेकडाँडामा करिब १० मिटर सडक भासिएपछि पूर्ण रूपमा अवरुद्ध भएको छ। वर्षाका कारण खाँदबारी-किमाथाङ्का सडकखण्डमा सडक भासिएको प्रहरीले जनाएको छ।

लमजुङको बेँसीसहर-मनाङ सडकखण्ड मर्स्याङ्दी गाउँपालिका-४ रामबजारमा सडक माथिबाट पहिरो खसेपछि अवरुद्ध भएको छ। अविरल वर्षाका कारण पहिरो खसेपछि उक्त सडकखण्डमा यातायात ठप्प भएको हो। यसैगरी, म्याग्दीको बेनी-जोमसोम सडकखण्ड अन्नपूर्ण गाउँपालिका-३ रुक्सेमा सडक माथिबाट ढुङ्गा, माटो र लेदोसहितको पहिरो खसेपछि पूर्ण रूपमा अवरुद्ध भएको छ।

लगातारको वर्षाका कारण पहाडी तथा हिमाली जिल्लाका सडकमा पहिरो, सडक भासिने तथा नदी कटानको जोखिम बढेकाले प्रहरीले यात्रुलाई सडकको अवस्था बुझेर मात्र यात्रा गर्न तथा जोखिमयुक्त सडकखण्डमा आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ।

### *पूर्वसूचनादेखि ...*

जीवन रक्षाका लागि महत्वपूर्ण सावधानी तालिमबाटै सिकेको उनले बताए।

बाढीको जोखिममा रहेका समुदायका लागि पूर्वसूचना कति महत्वपूर्ण हुन्छ भन्ने कुरा पनि उनले व्यवहारिक रुपमा बुझेका छन्। बाढी आउनुभन्दा करिब २४ घण्टा अगावै सूचना प्राप्त हुनसक्ने र मोबाइलमा आएको सूचना तत्काल समुदायका अन्य व्यक्तिसम्म पुऱ्याउनुपर्ने सीप उनले सिकेका छन्। मोबाइलले काम नगरेको अवस्थामा माइक्रोफोन मार्फत सूचना प्रवाह गर्ने विकल्प समेत तालिमबाट सिकेको उनले बताए।

उनका लागि विपद् व्यवस्थापन केवल सूचना पाउने र बाँड्ने विषयमा सीमित छैन। गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका व्यक्तिलाई प्राथमिकताका साथ सुरक्षित स्थानमा लैजाने, घाइतेलाई प्राथमिक उपचार गर्ने र थप उपचार आवश्यक परे एम्बुलेन्स बोलाएर स्वास्थ्य संस्थासम्म पठाउने तरिका पनि खंगले सिकेका छन्।

"पहिले विपद् आयो भने के गर्ने भन्ने अन्योल हुन्थ्यो," उनी भन्छन्, "अहिले जोखिम पहिचान गर्ने, सूचना दिने र आवश्यक परे उद्धारमा सहभागी हुने आत्मविश्वास आएको छ।"

मंसापुरमा विपद् व्यवस्थापनका प्रयास तालिममा मात्र सीमित छैनन्। जिता नदीको कटानबाट बस्तीलाई जोगाउन जैविक तटबन्ध समेत निर्माण गरिएको छ। नदीको कटान नियन्त्रणसँगै यसले स्थानीय बस्तीको जोखिम घटाउन सहयोग गरेको हरिनारायण बताउँछन्।

उनले विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति घटाउन सकिन्छ। त्यसका लागि पूर्वसूचना, स्थानीय ज्ञान, व्यवहारिक सीप र समुदायको सक्रिय सहभागिता आवश्यक हुन्छ।

तालिमपछि हरिनारायण आफैंमा आएको परिवर्तनलाई समुदायको सामूहिक क्षमतामा आएको परिवर्तनका रुपमा हेर्छन्। अब उनी विपद्को सूचना कुर्ने व्यक्ति मात्र होइनन्, सूचना बुझ्ने, बाँड्ने र आवश्यक पर्दा अरूको उद्धारमा अघि बढ्न सक्ने समुदायका एक सक्षम सदस्य बनेका छन्।

### *पाँच बुँदे निष्कर्षसहित ...*

विसं २०३३ मा महामानव बिपी कोइरालाले देशमा विद्यमान राष्ट्रिय सङ्कटलाई ध्यानमा राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई ध्यानमा राखी देश फर्कनुभएको स्मरण गर्दै आज देश अप्ठ्यारो स्थितिमा रहेको तथा राष्ट्रिय एवं लोकतन्त्रवादी शक्तिहरुसँग संवाद गरी राष्ट्रियता, लोकतन्त्रको सुदृढीकरणका लागि क्रियाशील रहने विषय दोस्रो बुँदामा उल्लेख गरिएको छ।

तेस्रो बुँदामा नेपालको सनातनदेखि चली आएको धर्म संस्कृति हाम्रो राष्ट्रिय पहिचान हो भन्दै नेपालमा रही आएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र हरेक व्यक्ति तथा धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चितदेखि चलिआएको हिन्दू, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गरी सनातन धर्मलाई राष्ट्रको पहिचानका रुपमा राष्ट्रलाई अघि बढाउने प्रतिबद्धता गर्नेछ भनिएको छ।

वर्तमान संविधानमा जनअपेक्षा बमोजिम आवश्यक संशोधन गर्न संविधान भएको व्यवस्थाअनुसार नै सम्बन्धित सबैसँग संवाद गरी निकाश दिइने चौथो बुँदामा समेटिएको छ।

आइतबार सम्पन्न राष्ट्रिय सम्मेलनमा प्रस्तुत विभिन्न प्रस्ताव र सुझावलाई समेटी परिमार्जनसहित पारित प्रस्तावलाई लिखित गर्ने जिम्मेवारी केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा केन्द्रीय सदस्य उमाकान्त चौधरी, केन्द्रीय सदस्य सीता राना र सहयोगीमा केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा र दीपकप्रसाद कुइँकेल रहेको समितिलाई जिम्मेवारी दिइने निष्कर्ष सम्मेलनले गरेको छ।

सम्मेलन समापनका अवसरमा पूर्वप्रधानमन्त्री एवं निवर्तमान सभापति शेरबहादुर देउवा, सम्मेलनका संयोजक डा शशाङ्क कोइरालालगायतका नेताहरुले सम्बोधन गर्नुभएको थियो।

### *पर्यटन उद्योग ...*

प्रतिशतभन्दा नबढ्ने व्यवस्थालाई संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने प्रबन्ध मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य पुराना कानुन संशोधन तथा पुनरावलोकन गर्न समेत माग गरिएको थियो। पर्यटन उद्योग विश्व बजारबाट तुरुन्तै प्रभावित हुने उद्योग भएका कारण विज्ञान र प्रविधिको अधिकतम प्रयोगमार्फत दिनानुदिन सञ्चालन र व्यवस्थापनका आयामहरू परिवर्तन भइरहेको समयमा प्रतिस्पर्धी र परिवर्तनमुखी बनाउन आवश्यक छ। (प्रस्तुत विचार हानका उपाध्यक्ष तुलाधरसँग गरिएको कुराकानीमा आधारित)

# मधेस प्रदेशमा 'शिक्षा संवाद': सुझावका आधारमा शिक्षा प्रणालीमा सुधार गरिने

जनकपुरधाम, १ भदौ (रासस)।

शिक्षा ऐन, नियमावली संशोधनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले सरोकारवालासँग सुझाव सङ्कलन गर्न सात वटै प्रदेशमा शिक्षा संवाद सुरु गरेको छ। यसै क्रममा प्रधानाध्यापक सङ्घ नेपालको समन्वयमा शिक्षा तथा खेलकुद मन्त्रालयले जनकपुरधाम उपमहानगरपालिका ६, धनुषास्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकूपमा आयोजना गरेको संवादमा सरोकारवालाहरूले सुझाव दिएका छन्।

कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव तथा प्रवक्ता शिवकुमार सापकोटाले सबै सरोकारवालाहरूसँग संवाद गरी आएका सुझावका आधारमा शिक्षा प्रणालीमा सुधार गरिने बताउनुभएको छ। उहाँले शिक्षा प्रणालीमा देखिएको समस्यालाई समाधान गर्न शिक्षा प्रणालीमा सुधार ल्याउन सात वटै प्रदेशमा सरोकारवालाहरूसँग संवाद थालिएको बताउनुभयो।

शिक्षा क्षेत्रमा देखिएका समस्याहरूको पहिचान गर्न, विद्यालय सञ्चालन प्रणालीमा के कसरी सुधार गर्न सकिन्छ लगायतका विषयमा सरोकारवालाहरूसँग संवाद थालिएको जनाउँदै उहाँले सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा सरकारले शिक्षा ऐन र नियमावली संशोधन गर्ने बताउनुभयो। सरकारको सामर्थ्य, विद्यालयको क्षमता, स्थानीय तहको आवश्यकता र प्रदेश सरकारको तत्परतालाई विश्लेषण गरेर सरकारले छिट्टै शिक्षा ऐन, कानुन तर्जुमा गर्न लागेको उल्लेख गर्नुहुँदै सहसचिव सापकोटाले शिक्षक तथा विद्यालय कर्मचारीहरूको सबै समस्या समाधान गरी सम्मानको अनुभूति दिलाउने गरी सरकारले अहिलेको शिक्षा ऐन, कानुन संशोधन गर्न लागेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले सरकार शिक्षा क्षेत्रको सबै समस्यालाई एकमुष्ट रूपमा समाधान गर्न शिक्षा ऐन र शिक्षक, कर्मचारी ऐन गरी छुट्टाछुट्टै रूपमा ल्याउन लागेको बताउनुहुँदै सरकार एक्लैले समस्या समाधान गर्न नसक्ने भएकाले सबै सरोकारवालाको साथ सहयोग आवश्यक रहेको बताउनुभयो।

गर्मी मौसममा जस्ताले छाएको विद्यालय भवनमा पठनपाठन गराउँदा बालबालिकाको स्वास्थ्य जोखिम बढ्दै गएको कुरालाई दृष्टिगत गरी सरकारले मधेसका विद्यालयहरलाई जस्तापातारहित र पहाडका विद्यालयलाई भूम्पक प्रतिरोधात्मक बनाउन लागेको बताउनुहुँदै सल्लाहकार झाले यसका लागि अध्ययन भइरहेको बताउनुभयो।

कार्यक्रममा शिक्षाविद् डा विद्यानाथ कोइरालाले शिक्षा देखिएको समस्यालाई सबै मिलेर समाधान गर्न संवाद थालिएको बताउनुहुँदै सरोकारवालाहरूको सुझावलाई आत्मसात् गरेर सरकारले शिक्षा सुधारको नीति अवलम्बन गर्नुपर्ने उल्लेख गर्नुभयो।

सो अवसरमा शिक्षा सुधारका अभियन्ता डा सूर्य यादवले सामुदायिक विद्यालयमा हुने राजनीतिलाई अन्त्य गर्न विद्यालय व्यवस्थापन समिति हटाउने सरकारको निर्णय सकारात्मक भएको बताउनुहुँदै सामुदायिक विद्यालयको सुधारका लागि सरकारले ठोस कदम चाल्नुपर्ने बताउनुभयो।

कार्यक्रममा धनुषाको मुखियापट्टि मुसहरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले शिक्षकहरूको जायज मागलाई सम्बोधन गरी शिक्षामा सुधार ल्याउन स्थानीय सरकारको साथ रहने बताउनुभयो। उहाँले शिक्षकका जायज मागप्रति स्थानीय सरकार प्रतिबद्ध रहेको बताउनुहुँदै संविधानले स्थानीय तहलाई दिएको आधारभूत तहसम्म एकल अधिकारलाई अवरोध हुने काम गर्न नहुने बताउनुभयो।

कार्यक्रममा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न अगुवाले आगामी शिक्षा ऐनमा समेटिनुपर्ने विषय, विद्यालय शिक्षालाई बलियो र गुणस्तरीय बनाउने उपाय तथा विद्यालय शिक्षाको विकासमा समुदायको अपनत्व र सहभागिता बढाउने विषयमा सुझाव दिएका थिए।

सरोकारवालाहरूले शिक्षा ऐन निर्माण गर्दा विद्यालय तहमा देखिएका व्यावहारिक समस्या, शिक्षक तथा विद्यालयका आवश्यकता र स्थानीय समुदायको भूमिकालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।

मधेस प्रदेशका आठ वटै जिल्लाबाट २११ जना शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहेको कार्यक्रममा शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा शिक्षा क्षेत्रका अन्य अगुवाहरूले शिक्षा सुधारका विभिन्न विषयमा धारणा तथा सुझाव राखेका थिए।

सातै प्रदेशमा पुगेर शिक्षा क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष संवाद गरी प्राप्त सुझावलाई आगामी शिक्षा ऐन तथा शिक्षा सुधारका नीतिमा समेट्ने उद्देश्यले मन्त्रालयले 'शिक्षा संवाद' अभियान सञ्चालन गरिरहेको छ।

# मृत्यु भएका मतदाताको विवरण अद्यावधिक गर्न आयोगको अनुरोध

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ भदौ।**

निर्वाचन आयोगले मृत्यु भएका मतदाताको विवरण अद्यावधिक गर्न अनुरोध गरेको छ।

मतदाता नामावलीलाई शुद्ध, अद्यावधिक, विश्वसनीय तथा वस्तुगत बनाउन नियमित रुपमा मतदाता नामावली अद्यावधिक गर्न अनुरोध गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

कुनै मतदाताको मृत्यु भएको अवस्था भएमा निजको एकाघर परिवारका सदस्य वा अन्य कुनै व्यक्तिले मृत्युदर्ता प्रमाणपत्रसहित सम्बन्धित निर्वाचन कार्यालयमा यथाशीघ्र सूचना दिन आयोगले अनुरोध गरेको हो।

विद्यमान मतदाता नामावलीलाई निरन्तर अद्यावधिक गर्नु निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतासँग प्रत्यक्ष रुपमा सम्बन्धित विषय भएकाले यस कार्यमा सबै नागरिकबाट सहयोग प्राप्त हुने विश्वास गरिएको आयोगको विज्ञप्तिमा उल्लेख गरिएको छ।


## सर्टिफिकेट हराएको सूचना

काठमाडौंबाट सप्तरी आउने क्रममा यही मिति २०८३ साउन २ गते सप्तरीको सप्तकोसी नगरपालिका ८ ओड्राहा निवासी संजिता थापाको नेपाल नर्सिङ काउन्सिलको १६८६७ नम्बरको रजिस्ट्रेशन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले मोबाइल नम्बर ९८४२८६६५४६ वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ।


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजबिराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*